कोशी प्रदेश प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

# शैलजा आचार्य कोशी प्रादेशिक अस्पताल तथा हृदय केन्द्र

विराटनगर, नेपाल

प.सं.: २०८२।८३
च.नं.:

## घर/फ्लाट वहालमा लिने सम्बन्धी पन्ध्र दिने सूचना

प्रथम पटक प्रकाशित मितिः २०८२।१०।१३

यस अस्पतालबाट कार्यालय प्रमुखको आवास प्रयोजनको लागि घर/ फ्लाट वहालमा लिन तपसिल बमोजिमको मापदण्ड भित्रको घर/फ्लाट भाडामा लिनूपर्ने भएको हुँदा इच्छुक घरधनीबाट यो सूचना प्रकासित भएको मितिले १५ दिनभित्र कार्यालय समयमा आइ पुग्ने गरी आफुले दिन सक्ने वहाल दररेट खुलाई रीत पूर्वकको निवेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

१. भाडा लिनु पर्ने घर/फ्लाट विराटनगर महानगरपालिका क्षेत्रभित्र यस अस्पतालबाट करिव ५ किलोमिटरको दूरीको आसपास भित्र अवस्थित भएको,

२. चारैतिर कम्पाउण्ड वालले घेराबार गरेको,

३. गाडी पार्कीङ गर्ने सुविधा भएको,

४. घरमा विद्युत तथा पानीको राम्रो व्यवस्था भएको,

५. कम्तिमा तिन वटा कोठा सहित भान्सा तथा शौचलयको सुविधा भएको,

६. घरधनीले नेपाली नगरिकता प्रमाणपत्रको प्रतिलिपि, सो घर अवस्थित जग्गाको जग्गाधनीपुर्जाको प्रतिलिपि, सो घरको स्वीकृत नक्सा तथा निर्माण सम्पन्न प्रमाणपत्रको प्रतिलिपि, यस आ.व.को एकिकृत सम्पत्ति कर तिरेको रसिदको प्रतिलिपि, विधुत तथा खानेपानीको रकम हाल सम्म चुक्ता भएको रसिदको प्रतिलिपिसहित निवेदन पेश गर्नु पर्नेछ।

७. आफुले भाडामा दिन चाहेको घर/फ्लाट के कति भाडामा दिन सकिने हो, घरजग्गा वहाल कर सहित मासिक रकम अङ्क र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ।

८. नियमानुसार घरवहाल कर लाग्नेछ।

९. निवेदन प्रास भएका घर/फ्लाट बहालमा लिने वा नलिने भन्ने अधिकार यस अस्पतालमा निहित हुनेछ।

१०. अन्य कुराहरु यस अस्पतालले तोके बमोजिम हुनेछ।

नि. मेडिकल सुपरिटेन्डेन्ट

फोन नं. ०२१-४७५५१५ इमेलः sailajahospitalp1@gmail.com